# नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको ३७ औं वार्षिक साधारण सभाको सुचना

यस बैंकको मिति २०८०/११/१६ मा बसेको सञ्चालक समितिको ५९९ औं बैठकको निर्णयअनुसार यस बैंकको ३७ औं वार्षिक साधारण सभा निम्नलिखित मिति, समय तथा स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गर्दछु ।

**सभा हूने मिति, समय र स्थान :**

मिति : मंगलवार, चैत्र २० गते, २०८० साल (अप्रिल ०२, २०२४) ।

समय : बिहान १०:०० बजे ।

स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ ।

**छलफलको विषय**

क. सामान्य प्रस्ताव :

१. आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३१, २०८० मा समाप्त भएको वर्षको वासलात, तथा सोही मितिमा समाप्त भएकों आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "एनआइएमबि एस क्यापिटल लिमिटेड" र "एनआइएमबि स्टक मार्केट्स लिमिटेड" समेतको आ.व. २०७९/०८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक बर्ष २०८०/०८१ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिश मुताविक लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । (वर्तमान लेखापरीक्षक श्री जि.पी.राजवाहक एण्ड कम्पनीको तर्फबाट अशेष राजवाहकज्यू पुनः नियुक्त हुन सक्नुहुनेछ)

५. संस्थापक शेयरधनीहरुको तर्फबाट ४(चार) जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २(दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

ख. विशेष प्रस्ताव

साधारण सभाको निर्णयमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक गर्न सञ्चालकसमितिलाई पूर्ण अख्तियारी दिने ।

ग. विविध ।

....................................

सञ्चालक समितिको आज्ञाले,

कम्पनी सचिव